बैठक संख्याः ३।२०८२

बैठक मितिः २०८२।१।२६ गते, समयः बिहान १०:०० बजे

स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

आज मिति २०८२।१।२६ गते शुक्रवार बिहान १०:०० बजे ससकोशी नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद ढकालज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरू माथि छलफल गरी निर्णय गरियो ।

**उपस्थिति**

| क्र.सं. | नामथर | पद | वडा नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री कृष्ण प्रसाद ढकाल | नगर प्रमुख-अध्यक्ष | | |
| २ | श्री रिता कुमारी चौधरी | नगर उपप्रमुख | | |
| ३ | श्री रोहिणी प्रसाद पोखरेल | वडा अध्यक्ष | १ | |
| ४ | श्री जाहिर हुसेन | वडा अध्यक्ष | २ | |
| ५ | श्री देवकान्त गोजेवार | वडा अध्यक्ष | ३ | |
| ६ | श्री जय राम खंग | वडा अध्यक्ष | ४ | |
| ७ | श्री गोसाई चौधरी | वडा अध्यक्ष | ५ | |
| ८ | श्री नन्दी लाल चौधरी | वडा अध्यक्ष | ६ | |
| ९ | श्री जितन चौधरी | वडा अध्यक्ष | ७ | |
| १० | श्री केदार प्रसाद साह | वडा अध्यक्ष | ८ | |
| ११ | श्री राजेन्द्र कुमार यादव | वडा अध्यक्ष | ९ | |
| १२ | श्री हरी लाल साह | वडा अध्यक्ष | १० | |
| १३ | श्री डोलेश्वर खड्का | वडा अध्यक्ष | ११ | |
| १४ | श्री मनो कुमारी चौधरी | कार्यपालिका सदस्य | ३ | |
| १५ | श्री राजेन्द्र वि.क. | कार्यपालिका सदस्य | २ | |
| १६ | श्री रमेश प्रसाद साह | कार्यपालिका सदस्य | ८ | |
| १७ | श्री ललिता देवी खड्ग | कार्यपालिका सदस्य | ९ | |
| १८ | श्री प्रभा कुमारी चौधरी | कार्यपालिका सदस्य | ५ | |
| १९ | श्री संझा कुमारी चौधरी | कार्यपालिका सदस्य | ६ | |
| २० | श्री शान्ति देवी यादव | कार्यपालिका सदस्य | १० | |
| २१ | श्री संजु देवी चौधरी | कार्यपालिका सदस्य | ११ | |
| २२ | श्री पुरुषोत्तम ढकाल | प्रमुख प्रशासकीय अधिकृत | | |
| सहयोगी कर्मचारीहरू | | | | |
| १ | श्री प्रकाश सुवेदी | अधिकृत सातौं | | |
| २ | श्री रण बहादुर मगर | अधिकृत छैठौं | | |

बैठक संख्याः ३।२०८२

बैठक मितिः २०८२।१।२६ गते, समयः बिहान १०:०० बजे

स्थानः सप्तकोशी नगरपालिका कार्यालयको सभाहल, सप्तरी

**प्रस्तावहरू**

१. प्रस्ताव नं. १ : आ.व. २०८२।०८३ को लागि तराई-मधेश समृद्धि कार्यक्रममा आयोजना प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

२. प्रस्ताव नं. २ : घटना दर्ताको मूल अभिलेख डिजिटाईजेशन गर्ने सम्बन्धमा।

३. प्रस्ताव नं. ३ : योजना मर्मत सम्भार सम्बन्धमा ।

४. प्रस्ताव नं. ४ : स्वास्थ्य उपकरण खरीद एवं कार्यक्रम संचालन गर्न बजेट थप सम्बन्धमा।

५. प्रस्ताव नं. ५ : स्वास्थ्य बिमाको लागि प्रथम सेवा विन्दु छनौट सम्बन्धमा।

६. प्रस्ताव नं. ६ : विद्यालय पोसाक खरीद सम्बन्धमा ।

७. प्रस्ताव नं. ७ : मोक्षधाम निर्माणको लागि IEE/DPR गर्ने सम्बन्धमा।

**निर्णयहरू**

**निर्णय नं. १**

नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, तराई-मधेश समृद्धि कार्यक्रम, केन्द्रीय समन्वय ईकाई, सिंहदरवार, काठमाण्डौंको मिति २०८२।१।२५ गते प्रकाशित तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका, २०८१ (पहिलो संशोधन २०८२) बमोजिम आयोजना/कार्यक्रम माग/प्रस्ताव पेश गर्ने सम्बन्धीको सूचनाको विषय बैठक समक्ष जानकारी भयो। उक्त सम्बन्धमा तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका, २०८१ मा भएको पहिलो संशोधन २०८२ अनुसार आगामी आ.व. २०८२।०८३ को लागि सप्तकोशी नगरपालिका अन्तर्गत देहाय बमोजिमका आयोजनाहरू सञ्चालन गर्नको बजेट व्यवस्थापन गरी दिनको लागि तराई-मधेश समृद्धि कार्यक्रम, केन्द्रीय समन्वय ईकाई, सिंहदरवार, काठमाण्डौंमा प्रस्ताव पेश गर्ने र सो कार्यक्रम अन्तर्गत सञ्चालन गरिने योजनाको लागि सप्तकोशी नगरपालिकाको तर्फबाट १०% लागत साझेदारी व्यहोर्ने प्रतिबद्धता व्यक्त गर्ने निर्णय गरियो ।

बैठक संख्याः ३।२०८२

बैठक मितिः २०८२।१।२६ गते, समयः बिहान १०:०० बजे

स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

**तराई-मधेश समृद्धि कार्यक्रममा प्रस्ताव गरिएका आयोजनाको विवरण**

| सि.नं. | आयोजनाको नाम | ठेगाना | कार्यक्रम तर्फको लागत रु. | नगरपालिकाको लागत साझेदारी रु. | कुल लागत रु. |
|---|---|---|---|---|---|
| १ | कमलपुर चोक देखि सन्तपुर सम्मको बाटो निर्माण | वडा नं. १० | ३००००००० | ३३५०००० | ३३३५०००० |
| २ | त्रियुया नदीको पुलको पश्चिम मुखबाट हेडबाध चौतारी हुँदै सम्भु राईको घर सम्मको बाटो निर्माण | वडा नं. १ | ३००००००० | ३३५०००० | ३३३५०००० |
| ३ | सामुदायिक विद्यालयहरूको अधुरो भवन निर्माण | वडा नं. १, ३, ४, ७, ८, ९ | ३००००००० | ३३५०००० | ३३३५०००० |
| ४. | वडा नं. २ को सत्यनारायण टोलको चन्द्र शेखर चौधरीको घर देखि वडा नं. १ को शिवालय टोलको दुर्गा फुयालको घर सम्म जाने बाटो निर्माण | वडा नं. १ र २ | ३००००००० | ३३५०००० | ३३३५०००० |

निर्णय नं. २

ससकोशी नगरपालिकाको घटना दर्ताको अभिलेख पुरानो डड्डामा भएको, थोत्रो, च्यातिएको भई जीर्ण अवस्थामा रहेकोले घटना दर्ताको अभिलेखहरू खोजेको समयमा तत्काल पत्ता लगाउन एवं तिनको संरक्षण गर्नको लागि त्यस्तो अभिलेखको Digitization गर्न आवश्यक भएकोले अन्य संस्थाहरू मार्फत गराउँदा लागत बढी पर्न जाने देखिएको हुँदा ससकोशी नगरपालिकाको पंञ्जीकरण शाखामा कार्यरत कर्मचारीहरू MIS Operator श्री विश्वास पोखरेल र फिल्ड सहायक श्री प्रतिक्षा

चौधरीबाट कार्यालय समय बाहेक साँझ, बिहान र बिदाको दिनमा समेत करिव ३२००० को संख्याको घटना दर्ता अभिलेखको स्क्यानिङ्ग, डाटा प्रविष्टि, डाटा रुजू गरी घटना दर्ता अभिलेखको Digitization गराउने र सो सबै कार्य सम्पन्न गरे बापत निजहरूलाई प्रति अभिलेखको बढीमा रु. ६।- को दरले चालु आ.व. २०८१।०८२ मा व्यक्तिगत घटना दर्ताको मूल अभिलेख Digitization शीर्षकमा विनियोजित बजेट रु. ३२५०००।- मध्येबाट प्रोत्साहन स्वरूप रकम रु. १,८०,०००।- उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. ३

ससकोशी नगरपालिका अन्तर्गतका देहाय बमोजिमका योजनाहरूको प्राविधिक लागत अनुमान तयार गराई चालु आ.व. २०८१।०८२ मा जनतासँग मेयर विकास कार्यक्रम शीर्षकमा विनियोजित बजेट मध्येबाट रकम छुट्ट्याई निर्माण/मर्मत सम्भार गर्ने निर्णय गरियो।

देहाय

(क) भूतपूर्व प्रहरी संगठनको अधुरो भवन निर्माण वडा नं. १
(ख) पर्सा सामुदायिक वनको पोखरी संरक्षण वडा नं. २
(ग) व्रह्म कुमारी राजयोग भवन मर्मत सम्भार वडा नं. १
(घ) राष्ट्रिय मा.वि.को सिढी र छानो निर्माण वडा नं. १
(ङ) कमल दहको सरसफाई कार्य वडा नं. ११

निर्णय नं. ४

ससकोशी नगरपालिकाबाट देहाय बमोजिमका स्वास्थ्य उपकरण खरीद र कार्यक्रम सञ्चालन गर्न विनियोजित बजेटमा अपुग रकम चालु आ.व. २०८१।०८२ मा जनतासँग मेयर विकास कार्यक्रम शीर्षकमा विनियोजित बजेट मध्येबाट रकम छुट्ट्याई स्वास्थ्य उपकरण खरीद र कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

१. पोर्टेवल अल्ट्रासाउण्ड मेशिन खरीद-१ थान
२. रगत जाँच मेशिन खरीद- १ थान
३. वहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन गर्न थप रकम रु. २०००००।- (दुईलाख)

निर्णय नं. ५

नेपाल सरकार, स्वास्थ्य बिमा बोर्ड, बवरमहल, काठमाण्डौको च.नं. १२०८ मिति २०८२।१।२३ गतेको स्वास्थ्य बिमा कार्यक्रमको लागि प्रथम सेवा विन्दुको लागि स्वास्थ्य संस्था छनौट सम्बन्धी पत्रको विषय बैठक समक्ष जानकारी भयो। उक्त सम्बन्धमा ससकोशी नगरपालिका वडा नं. १ स्थित स्वास्थ्य चौकी फत्तेपुरलाई स्वास्थ्य बिमा कार्यक्रमको लागि प्रथम सेवा विन्दु तोक्ने र

स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने अन्य पूर्वाधारहरूको खाका स्वास्थ्य शाखाबाट तयार गरी प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

<u>निर्णय नं. ६</u>

ससकोशी नगरपालिकाको चालु आ.व. २०८१।०८२ मा उपमेयर शैक्षिक सुधार तथा लैंगिक समावेशी प्रवर्द्धन शीर्षकमा विनियोजित बजेट रु. १०,०००००।- बाट नगरपालिका स्थित सामुदायिक विद्यालयहरूमा बाल कक्षा देखि कक्षा- ३ सम्ममा अध्ययनरत विद्यार्थीहरूको लागि विद्यालय पोसाक खरीद गरी वितरण गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ७</u>

ससकोशी नगरपालिकाको चालु आ.व. २०८१।०८२ मा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन, विस्तृत परियोजना प्रस्ताव तयारी शीर्षकमा विनियोजित बजेट रु.१०,००,०००।-बाट ससकोशी नगरपालिका वडा नं.१ मा त्रियुगा मोक्षधाम निर्माणको लागि IEE/DPR निर्माण गर्ने निर्णय गरियो ।